# लिखु तामाकोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः १२ मितिः २०७९\०९\२१

भाग–२

## लिखु तामाकोशी गाउँपालिका

## लिखु तामाकोशी गाउँपालिकाको विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि,२०७९

**प्रस्तावना :**
विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधारणा बमोजिम लिखु तामाकोशी गाउँपालिकाको क्षेत्र भित्र रहेका प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयाअनुकुल बनाउन दुई वा दुई भन्दा बढी आधारभूत विद्यालय तथा माध्यामिक विद्यालयहरूलाई एउटा विद्यालयमा गाभ्ने तह घटाउने र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित गरी शैक्षिक गुणस्तरलाई सुदृढीकरण एवम् विद्यालय सिकाइलाई प्रभावकारी बनाउने उद्देश्य राखी स्थानीय सरकार सञ्चालन ऐन दिएको अधिकार तथा लिखु तामाकोशी गाउँपालिकाको शिक्षा ऐन २००७७ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी यस लिखु तामाकोशी गाउँपालिकाले **विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि २०७९** बनाई गाउँपालिका क्षेत्र भित्र लागू गरेको छ।

# परिच्छेद – १

**१.सक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम "**विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि २०७९"** रहेको छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरे पश्चात् लागू हुनेछ।

ग. यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क. '**ऐन'** भन्नाले लिखु तामाकोशी गाउँपालिकाको शिक्षा ऐन २०७७ लाई सम्झिनु पर्छ।

ख. **'विद्यालय'** भन्नाले यस कार्यविधि प्रयोजनका लागि गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयलाई सम्झिनु पर्छ।

ग. '**शिक्षक'** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक सम्झिनु पर्दछ। सो शब्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्त सहजकर्तालाई समेत बुझाँउछ।

घ. '**कर्मचारी'** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी नियुक्त सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारीहरूलाई सम्झिनु पर्छ।

ङ. **'विद्यालय समायोजन'** भन्नाले दुई वा दुई भन्दा बढी विद्यालयहरूलाई एउटा विद्यालयमा गाभ्ने तथा विद्यालयको तह वा कक्षा घटाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई सम्झिनुपर्छ।

ङ. **'दरबन्दी मिलान'** भन्नाले विद्यार्थी सङ्ख्या कम भइविद्यालय समायोजन भएका र यस कार्यविधिको कार्यान्वयन हुनुभन्दा अघि र पछि शिक्षक विद्यार्थी अनुपात कम भएका दरबन्दी कम भएका वा कुनै प्रकारका दरबन्दी नभएका विद्यालयहरूमा व्यवस्थापन गर्ने कार्यलाई सम्झिनुपर्छ।

च. अन्य परिभाषा लिखु तामाकोशी गाउँपालिकाको शिक्षा ऐन २०७७ र शैक्षिक व्यवस्थापन कार्यविधि २०७९ बमोजिम हुनेछ।

# परिच्छेद – २

## विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**३. विद्यालय समायोजन गर्ने कार्यविधि:**

क. यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यलयहरू मध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दुरीमा रहेर सञ्चालन भएका तर आधारभूत विद्यालय सञ्चालनका लागि न्यूनतम आधारहरू पनि पुरा नभएका विद्यालयहरूलाई नजिकको विद्यालयमा गाभी सञ्चालनमा ल्याइने।

ख. माध्यामिक तह सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुने छ।

ग. विद्यालय समायोजन सम्बन्धी ऐन नियमावली तथा कार्यविधि कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिकाले आवश्यक निर्णय प्रक्रियाबाट सहजीकरण एवम् समन्वय गर्ने छ।

घ. गाउँपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलानको कार्यक्रमको अनुगमन मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी अगामी कार्यक्रमलाई मार्ग निर्देशन गरिनेछ।

ङ. यो कार्यविधि प्रारम्भ हुँनुभन्दा अघि समायोजन भएका विद्यालयहरूलाई यसै कार्यविधिबमोजिम भएको मानिने छ।

**४. विद्यालय समायोजनका आधारहरू:**

क. दुई वा दुइभन्दा बढी विद्यालयको परिसर एक आपसमा जिडिएको,

ख. दुई वा दुइभन्दा बढी विद्यालयबीचको पैदल दुरी ३० मिनेटभन्दा कम रहेको।

ग. कुनै विद्यालयमा तपशिलको विद्यार्थी संख्या  र भविष्यमा पनि उक्त संख्या पुग्ने आधादर नदेखिएमा,।

**तपशिल:**

| क्र.स. | तह/कक्षा | न्यूनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १. | बालविकास केन्द्र | १० | |
| २. | १-३ | २५ | |
| ३. | १-५ | ३५ | |
| ४. | ६-८ | ३० | |
| ५. | ९-१० | ३५ | |
| ६. | ११-१२ | ४० | |

तर, नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दुरी आधा घण्टासम्म कम बएको तर न्यूनतम विद्यार्थी संख्या नपुगेमा विद्यालय गाभ्न बाध्य पारिने छैन।

घ.नजिकको दुरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय,

ङ. जनसंख्या वृद्धि दर कम भएको, जनसंख्या वृद्धि घट्दो दरमा भएको, र भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सो भन्दा बढी विद्यालयहरू।

च. दुई वा सो भन्दा बढी विद्यालयहरू गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउनका लागि सम्बन्धित विद्यालय र वडाको रायमा गाउँ शिक्षा समितिले तोकिएको स्थानमा विद्यालय स्थापना वा तह तथा कक्षा घटाउने कार्य गर्ने छ।

छ. विद्यालय गाभिएपछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरूको सबै चल अचल दाखिल खारेज गरी नयाऊ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि गाउँ शिक्षा समितिको सिफारिसमा मालपोत कार्यालयमा पठउनुपर्ने छ।

ज. खण्ड (छ) बमोजिम सम्पत्ति दाखेल खारेज भएको व्यहोराको जानकारी गाउँपालिकाले मन्त्रालय र केन्द्र समेतलाई दिनु पर्नेछ।

झ. गाउँपालिका भित्र दुई वा सो भन्दा बढी सामुदायिक र संस्थागत विद्यालयहरूले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित माग भै आएमा वडा शिक्षा समितिले सिफारिसमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरू गाभ्न सक्ने छ।

ञ. उपदफा (ञ) मा जुनसुकै कुरा भएता पनि गाउँपालिका भित्र संचालनमा रहेका संस्थागत विद्यालयहरूले ऐन नियमावली र कार्यविधिले निर्धारण गरेको न्यूनतम् पूर्वाधार पुरा नगरेमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरूको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम् पूर्वाधार पुरा नगरेको पाएमा विद्यालयको संचालक र वडा समितिको राय लिई गाभ्न वा बन्द गर्न सक्ने छ।

ट. संस्थागत विद्यालयहरूले साविकको जिल्ला शिक्षा कार्यालय वा गाउँपालिकाबाटप्राप्त अनुमति अनुसारको तह तथा कक्षा संचालन गरेको नपाइएमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरूको संचालनमा नआएको तह तथा कक्षा घटाउन वा बन्द गर्न सक्ने छ।

## ५. विद्यालय दरबन्दी मिलान समितिः

क. यस कार्यविधिको दफा ६ बमोजिमको आधरमा दरबन्दी मिलान गर्नका लागि देहायको दरबन्दी मिलान समिति रहने छः

(१) गाउँ शिक्षा समितिका पदाधिकारी मध्ये एक जना महिला सहित ३ जना – सदस्य

(२) सामाजिक विकास समितिको संयोजक – सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(४) गाउँपालिका शिक्षक महासंघ प्रतिनिधि १ जना - सदस्य

(५) शिक्षा शाखा प्रमुख/शिक्षा अधिकृत – सदस्य सचिव

(६) उपदफा (१) बमोजिमका सदस्यमध्ये समितिले छनौट गर्ने १ जना – संयोजक

ख. समितिको बैठकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र अन्य पदाधदिकारीहरूलाई आमन्त्रण गर्न सक्ने छ।

ग. समितिले दरबन्दी मिलानको स्पष्ट खाका/ प्रतिवेदन शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने छ।

घ. समितिबाट प्राप्त प्रतिवेदनको निष्कर्ष सहित शिक्षा युवा तथा खेलकुद शाखाले गाउँ शिक्षा समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्नेछ।

**६. विद्यालय दरबन्दी मिलानका आधारहरू:**

क. गाउँ शिक्षा समितिले प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयहरूमा न्यूनतम रूपमा एक जना शिक्षक रहने गरी र माथिल्लो कक्षाको विषयगत रूपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढउने छ।

ख. शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरूलाई दरबद्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरूमाशिक्षक व्यवस्थापन गर्न तपशिलका आधारहरू लिइनेछः

(१) दुई वा दुई भन्दा बढी विद्यालयहरू एक आपसमा समायोजन भएमा

(२) शिक्षक विद्यार्थी अनुपात तपशिलको भन्दा कम भएमा,

**तपशिल:**

| **क्र.स.** | **तह/कक्षा** | **न्यूनतम शिक्षक संख्या** | **आधारहरू** | **कैफियत** |
|---|---|---|---|---|
| १. | १-३ | ३ | प्रारम्भिक बालकक्षा सहित(समावेशीता) | |
| २. | १-५ | ४ | प्रारम्भिक बालकक्षा सहित(समावेशीता) | |
| ३. | ६-८ | ३ | भाषा,गणित/विज्ञान र सामाजिक | |
| ४. | ९-१० | ३ | भाषा,गणित/विज्ञान र सामाजिक | |
| ५. | ११-१२ | २ | नेपाली र अंग्रेजी | |

(३) यस कार्यविधिमा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्याभन्दा बढी भएका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात दहायबमोजिम भएमा तहगत वा विषयगत रूपमा कनिष्टताका आधारमा नजिकको उही वडाको विद्यालय, नजिकको वडाको विद्यालय वा जुनसुकै वडाको विद्यालयमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ।

**तपशिल:**

| **क्र.स.** | **तह/कक्षा** | **शिक्षक विद्यार्थी अनुपात** | **कैफियत** |
|---|---|---|---|
| १. | १-३ | १: १० | |
| २. | १-५ | १: ७ | |
| ३. | ६-८ | १: १० | |
| ४. | ९-१० | १: ९ | |
| ५. | ११-१२ | १: २० | |

(४) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा रहेका विद्यालयहरूमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनमा प्राथमिकतामा राखिने छ।

(५) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो तह/कक्षा सञ्चालनमा बएको नजिकको विद्यालयमा तहगत वा विषयगत रूपमा हुने गरी शिक्षकको व्यवस्थापन गरिने छ।

**७. विद्यालय स्तरवृद्धिका लागि हुने समायोजनः**

क. आधारभूत र माध्यामिक विद्यालयका रूपमा हाल संचालनमा रहेका तर स्तर स्तर वृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पुरा नभएका विद्यालयका लागि निम्नलिखित विकल्प दिई समायोजन गरिने छ।

(१) कक्षा १-३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पुरा नभएका विद्यालयले समुदाय र स्थानीय निकायसंगको सहकार्यमा प्राम्भिक बालविकास केन्द्रका रुपमा सञ्चालन हुने विकल्प पाउने छन्।

(२) कक्षा १-५ सम्म सञ्चालन हुने विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पुरा नभएका विद्यालयले कक्षा १-३ सम्म प्रारम्भिक विद्यालयका रूपमा सञ्चालनमा रहन पाउनेछन्।

(३) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पुरा नभएका विद्यालयले कक्षा १-५ सम्म प्रारम्भिक विद्यालयका रूपमा सञ्चालनमा रहन पाउनेछन्।

(४) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यामिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पुरा नभएका विद्यालयले आधारभूत विद्यालयका रूपमा सञ्चालनमा रहन पाउनेछन्।

(५) कक्षा ११-१२ सम्म अनुमति/स्वीकृत भई सञ्चालन हुने न्यून विद्यार्थी भई आधारभुत भौतिक सुविधासमेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यामिक विद्यालयका रूपमा सञ्चालनमा रहन पाउनेछन्।

**८. समायोजन भएका वा गाभिएका विद्यालयहरूको नामाकरणः**

क. दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभिएर नयाँ ठाउँमा विद्यापय स्थापना हुने भएमा गाभिएको विद्यालयको नाम, राष्ट्रियता,स्थानीयता र ऐतिहासिकता जल्किने नयाँ नाम राख्न सक्ने छ।

ख. समायोजन भई सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुःन विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी संख्या भएमा र विद्यालय सञ्चालन गर्नुपर्ने आवश्यक देखिएमा वा तह/कक्षा थप गर्नुपर्ने भएमा विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिले अनुमति दिन सक्ने छ।

## परिच्छेद – ३

## भौतिक, शैक्षिक व्यवस्थापन र अनुदान सम्बन्धी व्यवस्था

**९.विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापनः**

क. विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्ने छ।

ख. विद्यालय समायोजन वा गाभिएपछि गाभिएका विद्यालयमा रहेला शैक्षिक प्रयोजन मा काम नलाग्ने पुराना शैक्षिक सामग्रीहरू शाखाको सिफारिसमा लिलाम बिक्री गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्ने छ।

**१०.विद्यालयलाई प्राथमिकता दिइनेः**

दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा समायोजन भएमा विद्यालयहरूको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि संघ, प्रदेश र गाउँ पालिकाबाट प्राप्त हुने बजेट र कार्यक्रममा प्राथमिकता दिइने छ।

**११.विद्यालय समायोजन भएपछि गर्नुपर्ने शैक्षिक व्यवस्थापनः**

क.विद्यालय समायोजन पछि वा तह कक्षा  घटाइएपछि विद्यालयमा आवश्यताभन्दा बढी भएका शिक्षकलाई पालिकाको पुल दरबन्दीमा राखी अर्को व्यवस्था नभएसम्मका लागि समायोजन भएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ।

ख. विद्यालय समायोजन पछि वा तह कक्षा  घटाइएपछि समायोजन भई जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिने छ।

ग. . विद्यालय समायोजन पछि वा तह कक्षा  घटाइएपछि समायोजन भई जाने विद्यालयको बालविकास सहजकर्तालाई सहजकर्ता नभएको पालिका भित्रको विद्यालयमा समायोजन गरिने छ।

## परिच्छेद – ४

## विविध

**१२. संसोधनः** यस कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ।

**१३. प्रचलित कानुन लागू हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुनमा भएको व्यवस्था लागू हुनेछ।

**१४. व्याख्याः** यस कार्यविधिमा भएका व्यवस्थाको व्याख्या गाउँ पालिकाबाट हुने छ, र पालिकाबाट भएको व्याख्या नै अन्तिम हुने छ।

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०७९/०९/२१ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(बिनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७९/०९/२१